नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
# शिक्षा विकास तथा समन्वय एकाइ
## प्युठान

प.सं. २०८३।०८४
च.नं. ६२

मिति २०८३।०४।२९

**श्री सम्पूर्ण विद्यालयहरु,**
**प्युठान।**

विषयः- प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी नीति, नियम तथा मापदण्ड कार्यान्वयन गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा यस प्रारम्भिक बालविकास सम्बन्धमा तपसिलका निर्देशनहरु सबै विद्यालयहरुबाट पालना गर्न गराउन हुन अनुरोध छ।

१. सबै स्थानीय तहहरुले सामुदायिक विद्यालयमा १ भन्दा बढी बालविकास केन्द्रहरु भएमा अधिकतम २५ जना विद्यार्थी बराबर १ केन्द्र रहने गरी प्रत्येक विद्यालयमा न्यूनतम १ वटा बालविकास केन्द्र हुने गरी बालविकास कोटालाई पुनर्वितरण गर्ने,

२. पुर्वितरण गर्दा केन्द्रबाट स्वीकृत भई कार्यान्वयनमा रहेका कोटा संख्या नबढ्ने गरी वितरण गर्ने,

३. विद्यालयले राष्ट्रिय मापदण्डमा उल्लेख भएका सिकाइ सामग्री र बालविकास केन्द्रका लागि निर्धारित प्राप्त न्यूनतम मापदण्ड (PMEC) मा उल्लेखित (योग्यता एवम् तालिम प्राप्त शिक्षक, ६ सिकाइ क्षेत्रहरु, बालमैत्री धारा, साबुन पानी सहितको शौचालय, चिसो र धुलो रहित बसाइ व्यवस्थापन) क्षेत्रमा बालविकास केन्द्रमा पुरा नभएका क्षेत्र पहिचान गरी उक्त क्षेत्र पुरा हुने गरी रकम खर्च गर्ने

४. बालविकास केन्द्रमा बाविकास तथा शिक्षाको राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेख भएका सिकाइ सामग्रीहरु तथा ६ वटा सिकाइ कुनाहरुको निर्माण गरी कम्तिमा १०/१० वटा सिकाइ सामग्री निर्माण गर्ने।

५. स्थानीय तहले प्रदेशबाट प्राप्त बजेट वा स्थानीय तहमा बजेटको व्यवस्था गरी प्रारम्भिक बालविकास सहजकर्ताहरुलाई पेशागत दक्षता अभिवृद्धि गर्न TPD Module को तालिममा सहभागी गराउने। ELDS मा आधारित मूल्याङ्कन स्रोत पुस्तिकामा रहेको ELDS Report Card लाई प्रारम्भिक बालविकासका बालबालिकाहरुमा अनिवार्यरुपमा प्रयोग गरी सोको आधारमा नियमित मूल्याङ्कन गर्ने गराउने व्यवस्था मिलाउने। ELDS Report Cards छपाइ गर्न लाग्ने आर्थिक दायित्व शिक्षा विभागबाट वितिय हस्तान्तरण भएको प्रति विद्यार्थी लागत एकाइ अनुदान शिर्षकबाट वा सम्बन्धित स्थानीय तहबाट व्यवस्थापन गर्न गराउन हुन।

६. प्रारम्भिक बालविकास केन्द्रमा कानूनले तोकेबमोजिम ४८-६० महिना उमेर समूहका बालबालिका मात्र भर्ना गर्ने व्यवस्था गर्ने गराउने।

दुर्गा बहादुर खडका
एकाइ प्रमुख

**बोधार्थः-**
श्री स्थानीय तह (सबै) प्युठानः समन्वय र सहजीकरण गर्नुहुन।

**एकाइ प्रमुख**

## प्रारम्भिक बालविकास कक्षा

विद्यालयले प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शन पुस्तिका २०६७ (संशोधन सहित) मा उल्लेखित सिकाइ सामग्री तथा बालविकास केन्द्रका लागि निर्धारित प्राथमिकता प्राप्त न्यूनतम मापदण्ड क्षेत्रमा बालविकास केन्द्रमा पुरा नभएका क्षेत्र पहिचान गरी उक्त क्षेत्र पुरा हुने गरी खर्च गर्ने ।

**बालविकास केन्द्रका लागि निर्धारित प्राथमिकता प्राप्त न्यूनतम मापदण्डहरु**

- योग्यता एवम् तालिम प्राप्त शिक्षक
-६ सिकाइ क्षेत्र
-बालमैत्री धारा
-साबुनसहितको शौचालय
-चिसो र धुलो रहित बसाइ व्यवस्थापन

**६ वटा सिकाइ क्षेत्रहरुका १०।१० सेट सामग्रीहरु**

**१.भाषा सिकाइ क्षेत्र:-** बालकथा, चित्रात्मक तथा अंक र अक्षरको ज्ञान हुने पुस्तिकाहरु, फ्लाटिन बोर्ड, विभिन्न चराचुरुङ्गी, पशुपंक्षि र मानिसका मुर्तिहरु आदि

**२.गणित सिकाइ क्षेत्र:-**अंक अंकित पजल, रङ्गिन डोमिनो, स्थानीयस्तरमा उपलब्ध हुने वियाँ, काठ तथा ढुङ्गाका साना साना टुक्राहरु आदि

**३.अभिनय(भूमिका अभिनय) क्षेत्र:-** पुतली, भाँडाकुटी आदि

**४.सिर्जनात्मक सिकाइ क्षेत्र:-** ब्लक, पजल, उन्ने बुन्ने सामग्री, रङ, ब्रुस, आकार साइज मिलाउने, छुट्टाउने, विभिन्न रङको कागज, माटो, बालुवा, पानी आदि

**५.स्वावलम्बन सिकाइ क्षेत्र (निर्माण):-** तुना बान्ने,इजारा बान्ने,फस्नर लगाउने, टाँक लगाउने सामग्री आदि

**६.विज्ञान सिकाइ क्षेत्र:-** तराजु, स्केल, माटो, बालुवा जस्ता बच्चाले अभ्यास गर्ने सामग्री आदि

**एकाइ प्रमुख**

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
शिक्षा विकास तथा समन्वय एकाइ
प्युठान
२०७५